म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २४२ शुक्रबार ३० चैत २०८० ने. सं. ११४४ चौलाथ्व 12 April 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## वनस्पति दिवसमा वक्तृत्वकला

हेटौंडा, २९ चैत/वनस्पति विभागको ६४ औं वार्षिकोत्सव तथा २५ औं वनस्पित दिवसका अवसरमा हेटौंडामा वानस्पतिक सचेतनामूलक वक्तृत्वकला, अन्तरक्रिया तथा बृक्षरोपण गरिएको छ । वनस्पति अनुसंधान केन्द्र मकवानपुर र सामुदायिक वन उपभोक्ता महासंघ मकवानपुरको आयोजनामा कार्यक्रम गरिएको हो । कार्यक्रमको जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलानले दुइवटा विरुवामा पानी हालेर उद्घाटन् गरेका थिए । वनस्पति अनुसंधान केन्द्र मकवानपुरका प्रमुख रघुराम पराजुलीको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरका प्रमुख प्रशासकीयअधिकृत रामबाबु पुरी, हेटौंडा उपमहानगरका निर्देशक विष्णुकुमारी लामिछानेलगायतको आतिथ्यता रहेको थियो ।

बक्तृत्वकला प्रतियोगितामा हेटौंडा-१४ की दीपिका थोकर प्रथम, हेटौंडा-१३ की प्रकृति दाहाल द्वितीय, हेटौंडा-१३ कै दिया मैनाली तृतीय र हेटौंडा-१४ की आकृति थिङ सान्त्वना भएका छन् । बिजयी प्रतियोगीलाइ नगद र प्रमाणपत्र प्रदान गरिएको थियो ।

# आर्थिक वर्षको अन्तिममा मकवानपुरमा ३ करोडका १९ योजना थप

साझाकुरा संवाददाता

हेटौंडा, २९ चैत/वडा कार्यालयहरुले कार्यान्वयन गर्दै आएका टुक्रे योजना बागमती प्रदेश सरकारले आर्थिक वर्ष २०८०/८१ को अन्तिममा आएर थप गरेको छ । टुक्रे योजनामा प्रदेश सरकारले लगानी नगर्ने पटकपटकको घोषणा केवल भाषणमा सीमित भएको छ ।

बागमती प्रदेशको तत्कालीन प्रमुख प्रतिपक्षी दल नेकपा एमाले र विपक्षी दल राप्रपासँग सरकारले गरेको सहमतिअनुसार ठूलो संख्यामा टुक्रे योजना थपिएका हुन् । एमाले वर्तमान सरकारमा सहभागी छ । राप्रपा विपक्षी दलको भूमिकामा छ । एमाले बागमती प्रदेश संसदीय दलका नेता जगन्नाथ थपलिया आर्थिक मामिला तथा योजना मन्त्री छन् । उनले बुधवार मात्रै थपिएका योजना तत्काल कार्यान्वयन गर्न मन्त्रालयहरुलाई निर्देशन दिए । चैतमा थपिएका योजना तीन महिनाभित्र अर्थात चालू आवको असार तेस्रो हप्ताभित्र सकाएर सम्बन्धित कार्यालयमा फरफारकका लागि कागजात पेश गर्नुपर्ने छोटो समय छ ।

बागमती सरकारले ६७ करोड बराबरका ४३७ वटा टुक्रे योजना थपेको हो । थपिएकामध्ये ३२ करोडका मात्रै पूर्वाधारका योजना छन् । प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले १२ र २० चैतमा दुईपटक गरेर सम्बन्धित मन्त्रालयमा थपिएका योजना प्रदेश सरकारको बजेट सूचना प्रणाली (पीएलएमबीआईएस)मा प्रविष्ट गर्न पत्राचार गरेको छ । योजना प्रविष्ट भएपछि मन्त्रालयले माग गरेको बजेट आर्थिक मामिला मन्त्रालयले उपलब्ध गराउने मन्त्रालयका उपसचिव लक्ष्मी रिमालले जानकारी दिए ।




यसरी थपिएका योजना मध्ये मकवानपुरका लागि ३ करोड ४ लाख रुपैयाँका १९ वटा योजना प्रस्ताव गरिएको छ । थप गरिएका योजना ५ लाख रुपैयाँदेखि ५० लाख रुपैयाँसम्मका छन् । स्रोतका अनुसार मकवानपुरका १० मध्ये ५ वटा पालिकाको लागि मात्र बजेट तथा योजना प्रस्ताव गरिएको छ । १९ योजनामध्ये थाहा नगरपालिका, कैलाश गाउँपालिका र मकवानपुर गढी गाउँपालिकाको लागि १/१ वटा योजना रहेको छ । मनहरी गाउँपालिकाको लागि २ वटा योजना छनोट भएको छ भने बाँकी सबै हेटौंडा उपमहानगरक्षेत्रका लागि योजना छानिएका छन् ।

छनोटमा परेका योजनामा आलडाँडा कृषि सडक योजना, नमुना टोल स्ल्याब ढलान मकवानपुरगढी-४ का लागि २० लाख, नगरस्तरीय खेलकुद मैदान निर्माण झम्केश्वरी थाहा-१ ओखरबजारका लागि २५ लाख, स्यार्सेकालिका मन्दिर निर्माण कैलाश ९ का लागि २० लाख, सामुदायिक वन काष्ठ समिल उद्यम सहकारी मनहरी-९ ज्यामिरेको लागि १० लाख र मदनभण्डारी क्षेत्रीय रङ्गशालाका मनहरी-७ का लागि २० लाख रुपैयाँ बजेट प्रस्ताव गरिएको छ ।

त्यसैगरी कालापानी छिरीटोल सक्रिय टोल विकास संस्थाको बाटो हेटौंडा-१४ का लागि २० लाख, पाथीभरा टोल विकासदेखि भोम्जन टोल जाने बाटो स्तरीकरण हेटौंडा-१४ का लागि २० लाख, कल्याणटार गाँडेखोल्साबाट बंगुर खोल्सासम्म जाने बाटो स्तरीकरण हेटौंडा-१२ का लागि २० लाख, अर्थसिद्धि मार्ग स्ल्याब ढलान हेटौंडा-५ का लागि १० लाख, दिव्यसेवा निकेतनदेखि ठाडो बाटो स्तरीकरण हेटौंडा-१५ का लागि २० लाख, नागस्वती ब्याडमिन्टन हलको अधुरो काम पूरा हेटौंडा-७ का लागि २४ लाख, बुद्धिचाल खेल प्रतियोगिता तथा प्रशिक्षण कार्यक्रम हेटौंडा चेस क्लब १० लाख, ओम वृद्धाश्रम भवन निर्माण हेटौंडा-२ का लागि १५ लाख, विलाल मस्जीद भवन निर्माण हेटौंडा-४ का लागि १५ लाख बजेट प्रस्ताव गरिएको स्रोतले बतायो ।

शंखधर साख्वा पार्क तारबार तथा संरक्षण हेटौंडा-१२ का लागि १५ लाख, लालझाडी-मैनाटार मोटर सिंचाइ योजनाका लागि १० लाख, डा. टोनी हेगन स्मृति पार्क अधुरो निर्माण कार्य हेटौंडा-१० को लागि १० लाख, कमल सिमसार पार्क हेटौंडा-८ मैदाटोलका लागि १० लाख र जनजागृति माविमा डेस्कबेन्चको व्यवस्थापन हेटौंडा-१५ का लागि १० लाख बजेट प्रस्ताव भएको जनाइएको छ । यद्यपि बागमती प्रदेशले थप बजेटबाट कुनकुन योजनामा बजेट विनियोजन गरेको भन्ने विवरण अझै सार्वजनिक गरेको छैन ।

आर्थिक मामिला मन्त्रालयसँग अर्थ-विविध शीर्षकमा ४ अर्ब २६ करोड ५० लाख ३ हजार ८५ रुपैयाँ बजेट छ । जसमध्ये चालूतर्फ ३ अर्ब २७ करोड १३ लाख ८३ हजार ८५ र पुँजीगततर्फ ९९ करोड ३६ लाख २० हजार बजेट छ । 'मन्त्रालयबाट प्रणालीमा योजना थपिएपछि अर्थ-विविध शीर्षकको बजेट उपलब्ध गराउँछौं,' उपसचिव रिमालले भने । संसदीय विशेष समितिको प्रतिवेदनका आधारमा सदनले सरकारलाई दिएको निर्देशनअनुसार मन्त्रालयले योजना समावेश भएका सम्बन्धित मन्त्रालयमा योजना थपका लागि पत्रमार्फत् सहजीकरण मात्रै गरेको उनले जनाए ।

१७ फागुनमा बसेको प्रदेशसभा बैठकले चालू आर्थिक वर्ष २०८०/८१ को बजेटमा सरकारले विपक्षी दल नेकपा एमाले र राप्रपाको सांसदको योजना समेट्न गरेको लिखित सहमति कार्यान्वयनका लागि संसदीय विशेष समिति गठन गरेको थियो । बजेट तथा कार्यक्रम व्यवस्थापन विशेष समितिले २९ फागुनमा सभामुखलाई प्रतिवेदन बुझाउँदै थपिएका आयोजनाहरुमा प्रस्ताव गरिएको बजेट अर्थ-विविध वा अन्य शीर्षक अन्तर्गतको पुँजीगत तर्फको विनियोजित रकमबाट रकमान्तर गर्न सुझाव दिएको थियो ।

१ असारमा बागमती सरकारले ल्याएको चालु आर्थिक वर्ष २०८०/८१ को बजेटमा महत्वपूर्ण योजना छुटेको भन्दै नेकपा एमाले र राप्रपाले प्रदेशसभा अवरोध गरेर बजेट पारित नै गर्न दिएनन् । त्यसपछि १८ असारमा एमाले र राप्रपा सांसदले दिएका योजना बजेटमा समावेश गर्ने सहमति भएको थियो । सहमतिपछि २० असारमा बसेको मन्त्रिपरिषद् बैठकबाट सहमतिअनुसार बजेटमा योजना समेट्ने निर्णय भएको थियो । निर्णय गरेर पनि सरकारले योजना थप नगरेपछि एमाले र राप्रपा असन्तुष्ट बनेका थिए ।

# मन्त्रालयद्वारा मकवानपुरका १०१ परिवारको स्वास्थ्य बीमा

साझाकुरा संवाददाता




हेटौंडा, २९ चैत/ बागमती प्रदेशको स्वास्थ्य मन्त्रालयले चालु आर्थिक वर्ष २०८०/८१ मा ६ हजार ८ सय ९५ लक्षित परिवारलाई स्वास्थ्य बीमा गरिदिएको छ ।

सोबापत मन्त्रालयले दुई करोड ३४ लाख १५ हजार ९ सय ५० रुपैयाँ प्रिमियम भुक्तानी दिएको हो । प्रदेश सरकारले प्रदेशका १३ वटै जिल्लाका सीमान्तकृत, लोपोन्मुख, आश्रममा आश्रित, क र ख वर्गका अपाङ्गता भएका व्यक्ति र स्वास्थ्य स्वयमसेविकाको बीमाबापतको प्रिमियम भुक्तानी गरिदिएको हो । स्वास्थ्य मन्त्रालयको तथ्यांकअनुसार काठमाडौंमा १ सय ५५ परिवारलाई ३५ लाख ७ हजार ७ सय, भक्तपुरमा ३५ परिवारलाई १ लाख २ हजार ९ सय ५०, ललितपुरमा ५ सय ५० परिवारलाई १८ लाख ७ हजार ७ सय ५० बीमावापत भुक्तानी गरेको छ ।

यसैगरी, काभ्रेपलाञ्चोकमा ७ सय २० परिवारलाई २४ लाख ७२ हजार ५०, नुवाकोटमा ५ सय ७३ परिवारलाई १५ लाख ९९ हजार ३ सय ५०, रसुवामा १ सय ८१ परिवारलाई ५ लाख १५ हजार २ सय र रामेछापमा ३ सय १९ परिवार लाई १० लाख ४३ हजार भुक्तानी गरेको मन्त्रालयले जनाएको छ ।

त्यस्तै, धादिङमा ५ सय ९१ परिवारलाई २१ लाख ५२ हजार १ सय ५०, मकवानपुरमा १ सय १ परिवारलाई ४ लाख १० हजार ५ सय ५०, दोलखामा २ सय ७४ परि वारलाई ९ लाख १६ हजार ५०, सिन्धुपाल्चोकमा १ हजार ३ सय १४ परिवारलाई ४६ लाख २२ हजार ८ सय, सिन्धुली ४ सय ७९ परिवारलाई, १५ लाख ७७ हजार ४ सय र चितवनमा १ हजार ६ सय ३ परिवारलाई ५८ लाख ३८ हजार भुक्तानी गरेको छ ।

तथ्यांकअनुसार १३ वटा जिल्लामध्ये सबैभन्दा बढी चितवनमा भुक्तानी भएको पाइएको छ । महिला स्वास्थ्य स्वयंसेविका १ सय ४, अपाङ्गता भएका ३ सय ७७ जना र अतिसीमान्तकृत १ हजार १ सय २२ गरी १ हजार ६ सय ३ परिवारलाई ५८ लाख ३८ हजार भुक्तानी गरिएको स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ ।

## Vacancy Announcement

General Welfare Pratisthan (GWP), a non-governmentalorganization, is implementing "HIV prevention, treatment, care and support services among key populations and people living with HIV in Makwanpur district. This USAID and PEPFAR funded EpiC (Meeting Targets and Maintaining Epidemic Control of HIV) Nepal project requires an application from the qualified Nepali candidates for the following position.

**Position: Admin & Finance Officer**

Admin & Finance Officer is responsible to maintain project financial accounts, including account payable, petty cash, consultant contracts and payment, inventory control systems, responsible for submitting financial reports to FHI360 through Project Coordinator on time.S/he will be responsible for budget planning, monitoring and controlling also.

**Minimum Qualifications:**

- Minimum bachelor degree in commerce/management or relevant
- Minimum 1-year relevant working experience for Master's degree and 3 years for bachelor's degree, preferably within an I/NGO environment.
- Good verbal and written communication skills in both English and Nepali Knowledge and skill of MS office (Word. Excel, PowerPoint)
- Should have sound knowledge and skill of Tally program
- Knowledge of preparing regular financial reports, developing project budgeting and conducting financial review.

Interested candidates are requested to submit their application via email along with current CV by April18, 2024. Only short-listed candidates will be contacted for written test and interview.

The Project Coordinator
**General Welfare Pratisthan (GWP)**
Field Office, Hetauda
Central Office Gyaneshwor, Kathmandu
*Email: gwp.epic@gmail.com, melodymilan@gmail.com*

## गैससद्वारा नवनियुक्त मन्त्रीको स्वागत तथा सम्मान

साझाकुरा संवाददाता

हेटौंडा, २९ चैत/ प्रदेशले बागमती प्रदेशमा नवनियुक्त मन्त्रीहरुलाई गैरसरकारी संस्था महासंघ बागमतीले स्वागत तथा सम्मान गरेको छ ।

नयाँवर्ष २०८१ को पूर्वसन्ध्यामा गैससले मन्त्रीहरुलाई सम्मान तथा शुभकामना आदानप्रदान गरेको हो । कार्यक्रममा बागमती प्रदेश सरकारका खानेपानी मन्त्री एकालाल श्रेष्ठ, वन मन्त्री केशवप्रसाद पोखरेल र उद्योग प्रशासन मन्त्री प्रकाश श्रेष्ठको उपस्थित रहेको थियो । सम्मान कार्यक्रममा मन्त्रीहरुले आफ्नो तर्फबाट सामाजिकहितको लागि काम गर्ने र यसमा सधैं गैससको सभागिता र सहकार्य गरिने बताएका थिए ।

गैसस महासंघ मकवानपुर र मानवअधिकार संरक्षण तथा मानवबेचविखनविरुद्धको जिल्ला सञ्जालको समन्वयमा कार्यक्रम गरिएको गैसस बागमती अध्यक्ष आरती पाठकले बताइन् । गैरसरकारी संस्थाको योगदानलाई आत्मासात गर्दै समन्वय र सहकार्य गरी सामाजिक विकासमा हातेमालो गर्न गैससकर्मीहरुले माग गरेका छन् ।

कार्यक्रममा मानव अधिकार संरक्षण तथा मानव बेचविखन विरुद्धको जिल्ला सञ्जाल उपाध्यक्ष माया लामाले अधिकार संरक्षणको सवालमा राजनीतिक तवरबाट सहयोग हुने अपेक्षा व्यक्त गरिन् ।

## बागमतीमा ३९ जनाको जग्गाधनी पुर्जा अध्यावधिक

साझाकुरा संवाददाता

हेटौंडा, २९ चैत/ मकवानपुरको बागमती गाउँपालिकाका भूमिहीन दलित र सूचीकृत सुकुम्बासीले प्राप्त गरेको जग्गाधनी पुर्जाको अध्यावधिक भएको छ ।

पालिकाका जग्गाधनी पुर्जा पाएका ३९ जनाको पुर्जा जिल्ला मालपोत कार्यालय मकवानपुरमा अध्यावधिक गरिएको हो । बागमती-३ नम्बर वडाका छ परिवारको पुर्जा अध्यावधिक कार्य भएको वडाअध्यक्ष कमानसिं पाख्रिनले बताए । पालिका अध्यक्ष सर्केश घलान सहित पालिकाका जनप्रतिनिधिको पहलमा बागमतीमा भूमिहीनका लागि जग्गाधनी पुर्जा बितरणको काम सुरु भएको हो ।

पालिकामा अन्य भूमिहीनलाई पनि पुर्जा बितरणको लागि जग्गा नापजाँचको काम तीव्र बनाइएको बागमती-३ का वडाअध्यक्ष पाख्रिनले जानकारी दिए ।

Education is the real treasure

ADMISSIONS OPEN FOR 2081
From Nursery to Grade 9



Scholarships
a feature of socially responsible institution ....

Madhav Raj Sumargi Memorial Scholarship based on Entrance Tests 189+Seats
Rup Chandra Bista "Thaha" Memorial Scholarship based on Students' Talent 108+Seats
Bishwakanti Kalawati Sumargi Scholarship based on Students' Rank 39+Seats

25 Years of Excellence in Education
Celebrating Silver Jubilee

HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Nawalpur, Hetauda, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547

ENTRANCE
4 Baisakh 2081

www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरुः

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालयः
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

प्रबन्ध निर्देशकः टिका कुमारी दुलाल

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्कः ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

हाम्रो कुरा

## सामुदायिकमा पढाउने निर्णय कार्यान्वयन गर

मकवानपुरको उत्तरीक्षेत्रस्थित थाहा नगरपालिकाको दुई नम्बर वडा कार्यालयले जनप्रतिनिधि र शिक्षकका छोराछोरीलाई सामुदायिक विद्यालयमा अनिवार्य पढाउनुपर्ने निर्णय गरेको छ । वडा कार्यालयको निर्णय पालना हुन्छ कि हुँदैन भनने कुरा समयले बताउला । तर, नेपालका अधिकांश सामुदायिक विद्यालयमा बालबालिका नपढाउने ब्यक्तिले बढी राजनीति गरिरहेका छन् । आफ्ना बालबालिका निजी स्कूलमा पढाउने र घर नजिकै रहेको सामुदायिक विद्यालयमा राजनीति गर्न समय खर्चने समस्या पुरानै हो । सामुदायिक विद्यालयमा गुणस्तर भएन भनेर कुर्लने उपबुज्रुकहरुका बालबालिका भने निजी स्कूलमा पैसा तिरेर पढाइरहेका छन् । जुन अभिभावकले आफ्ना नानीबाबुलाई सामुदायिक स्कूलमा पढाइरहेका छन् तिनीहरु गुणस्तर सुधार गर्न चिन्तनशील छन् । विद्यालय जाने, शिक्षकसँग छलफल गर्ने, विद्यालयमा रहेका तमाम समस्या समाधान गर्ने उपाय खोजी गर्ने, आफ्ना बालबालिकाको शुक्ष्म निगरानी गर्ने काम गरिरहेका छन् ।

थाहानगरको एउटा वडाले हिम्मत गरेर जनप्रतिनिधि र सरकारी सेवासुबिधा लिने अभिभावकले आफ्ना नानीबाबुलाई सरकारी स्कूलमा बालबालिका पढाउनै पर्ने निर्णय गरेको छ । यो निर्णय गर्न जति सजिलो छ, कार्यान्वयनमा जान त्यत्तिकै चुनौतीपूर्ण छ । संघीय शिक्षा ऐन र थाहानगर शिक्षा ऐनमा वडा शिक्षा समितिमा वडाअध्यक्ष संयोजक, वडासदस्य १ जना, वडाको उच्चतम विद्यालयका प्रधानाध्यापक १ जना, विद्यालय व्यवस्थापन समितिका अध्यक्षमध्येबाट १ जना, शिक्षा प्रेमीमध्येबाट २ जना र वडासचिव सदस्यसचिव सहित ७ सदस्य रहने प्रावधान छ । थाहा नगरपालिका, मोरियास्थित इन्द्रायणी माध्यमिक विद्यालयले शतप्रतिशत नि:शुल्क शिक्षा लागू गर्ने निर्णय गरेको छ । विद्यालय व्यवस्थापन समितिको बैठकले सबै कक्षाको पढाइमा नि:शुल्क गर्ने निर्णय गरेको हो । कानूनत: विद्यालय शिक्षा नि:शुल्क घोषणा गरेपनि सामुदायिक विद्यालयले परीक्षा शुल्क, अतिरिक्त कक्षा शुल्कलगायतको शीर्षकमा शुल्क लिँदै आएका छन् । यो पनि समुदायले कतिन्जेल थेग्न सक्छन् ? भन्ने कुरा हो । सरकारले सबै सामुदायिक विद्यालयमा पर्याप्त दर्बन्दी दिन सकेको छैन । पर्याप्त दर्बन्दी दिन नसकेको मात्र होइन न्युनतम दर्बन्दी पनि दिन सकेको छैन । शिक्षक विद्यार्थी अनुपात हेर्दा दर्बन्दी पुगेको देखिन्छ । तर, विद्यालयमा आवश्यक न्यूनतम दर्बन्दी पनि छैन । मकवानपुरका कतिपय माविमा अहिले पनि प्रावि तहका शिक्षकले कामचलाउ शिक्षा प्रदान गरिरहेका छन् ।

कतिपय विद्यालयमा प्रधानाध्यापक नै पावि तहका शिक्षक छन् । राज्यले मावि दर्बन्दी दिएर मावि तहका विद्यालयमा मावि दर्बन्दीका प्रधानाध्यापक व्यवस्थापन गर्न सकेको छैन । कतिपय सामुदायिक विद्यालयमा स्रोत नभएकै कारण न्यून तलबमा निजीस्रोतका शिक्षक व्यवस्थापन गरी अध्यापन भइरहेको छ । यस्ता विद्यालयमा गुणस्तर खोजी गर्नुपूर्व विद्यालयको अवस्थाका बारेमा पनि खोजी गर्दा सुधार गर्न सहज हुन्छ । घरमुलीले कनिका किनेर ल्याएने त्यही कनिका दिएर पुलाउ बनाउन भन्यो भने पुलाउको गुणस्तर कस्तो हुन्छ ? अहिले हाम्रा सामुदायिक विद्यालयको हालत पनि यस्तै छ । कनिका दिने र बास्मती चामलको पुलाउको स्वाद खोज्ने प्रबृत्तिले गुणस्तरमा सुधार आउनेवाला छैन । सामुदायिक विद्यालयमा चरम राजनीति भइरहेको छ । शिक्षकका पेशागत संगठनले पनि आफ्ना शिक्षकलाई घरपाएक सरुवा गर्ने बाहेक दर्बन्दीका कुरा उठाउन सकेको छैन । ग्रामीण क्षेत्रमा रहेका सामुदायिक विद्यालयमा भएका समस्याका बारेमा बोल्ने निकाय छैन । स्थानीय सरकारले शिक्षा क्षेत्रलाई मसिनो रुपमा बुझ्न सकेको छैन । शिक्षकको तलबमा गएको रकम धेरै देखेर स्थानीय सरकारको सात्तो गइरहेको अवस्था छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ बैशाख १ गते शनिबार १३ अप्रिल २०२४ । पञ्चमी, चैत शुक्लपक्ष । चौलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:४३, सूर्यास्त ६:२७ । नववर्षारम्भ । भक्तपुरमा विस्केट जात्रा (खाँयुसन्हु) । वैशाख संक्रान्ति । टोखाको सपन तीर्थमास्नान

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : व्यापारमा लाभ हुनसक्नेछ | **तुला** | : प्रेम सम्बन्ध प्रगाढ हुनेछ |
| **वृष** | : काममा सफलता मिल्नेछ | **वृश्चिक** | : अहंकारको भावले काम विगार्नेछ |
| **मिथुन** | : अधुरा कामहरु पूरा हुनेछ | **धनु** | : धार्मिक कार्यको अवसर मिल्नेछ |
| **कर्कट** | : स्वास्थ्यको समस्या आउनेछ | **मकर** | : व्यापार राम्रो चल्नेछ |
| **सिंह** | : परिवारमा सुखद माहौल रहनेछ | **कुम्भ** | : मानसिक सन्तोष हुनेछ |
| **कन्या** | : स्थिति अनुकूल बन्नेछ | **मीन** | : धन प्राप्ति हुनेछ |

# आधुनिक विश्व नियालिरहेको नयाँ पुस्ता



✍ सागर पण्डित



नेपालको पछिल्लो पुस्ता जुनसुकै पारिवारिक पृष्ठभूमिको किन नहोस् मुख्यत: आर्थिक सुनिश्चितताको लागि देश बाहिर भर पर्दो ओत खोजिरहेको छ । आजका दिनमा प्राकृतिक स्रोत साधनको सदुपयोगले गल्फिएको नयाँ आर्थिक कल्पवृक्ष नेपाली समाजको ठूलो तप्काको जीवन धान्ने बाफिलो आर्थिक छहारी भएको छ । कसैलाई विज्ञान-प्रविधिको विकासको मलजलले मजबुत जरा सहित झाँगिएको बहुआयामिक कल्पवृक्षले भरपर्दो आर्थिक ओत तथा समाउने हाँगो दिएको छ । नेपाली समाजको सदियौंदेखिको लाहुरे विरासत विश्वव्यापी हुँदै गइरहेको अवस्था आजको तितो यथार्थ हो ।

कोही युवाहरू औजारविहीन हात र खाली खुट्टामा मरुभूमिको तातो हावा लिंदै आर्थिक शितलता खोज्दैछौं त कोही नेपालमा बोलिने १३१ थरीका राष्ट्रिय भाषाहरूलाई इतिहासमा थन्काउँदै विश्व साम्राज्य बनाएको अंग्रेजी भाषाका अलावा आफ्नै भूमिमा आर्थिक साम्राज्यको इमारत खडा गरेका देशहरूका हान्गुल, निहोन, हिब्रू, मान्डरिन जस्ता अनेकौं भाषाहरूमा श्रमका गीतको सुगारटान गर्न विवश छौं । यही विवशतालाई पछ्याउँदै, सन् २०२१ को तथ्यांक अनुसार २ करोड ९० लाख जनसंख्यामा लगभग ८ प्रतिशत नेपाली देश बाहिर छन् ।

त्यसो त विश्वव्यापीकरणसँगै आप्रवासको माहोल नेपालमा मात्र होइन विश्वमा नै बढिरहेको छ । विश्व आप्रवासको रिपोर्ट अनुसार नेपालको कुल जनसंख्याको १० गुणा बढी लगभग ३० करोड मानिसहरू आप्रवासमा छन् । जुन विश्व जनसंख्याको लगभग ४ प्रतिशत हो ।

आजका दिनमा विप्रेषण अर्थतन्त्रमा, ठूलो विप्रेषणको स्रोत शीर्ष तीन देशमा युएसए, युएई र साउदी अरब हुन् भने एशियाका ठूलो ढुकुटी भएका भारत र चीन उच्च विप्रेषण भित्र्याउनेमा पर्छन् । नेपालको सन्दर्भमा भने जीडीपीको लगभग २५ प्रतिशत विप्रेषणले धानेको छ । जुन विश्वको सातौं उच्च निर्भरता हो । हरेक वर्ष लाखको संख्यामा विद्यार्थी भिसामा जानेहरूको नयाँ उभारले देशको श्रम मात्र होइन शिक्षा क्षेत्रलाई पनि चुनौती थपिदिएको छ ।

विप्रेषणले तत्कालको लागि देशको भकारीमा अन्न थपिएर अनिकाल टरे तापनि हामीले आफ्नो भूमिमा रोप्नुपर्ने बालीको बीउहरू बेचेर पाउरोटी खाइरहेका छौं । यो परनिर्भरताले देशको आफ्नै आर्थिक जग निर्माणमा कमजोर भएको छ । जीवन दैनिकीकै लागि हामीले विदेशिनुपर्ने स्थिति दशकौंदेखि चलिरहनु देशका शासकको नालायकी नै हो ।

प्राकृतिक तथा मानव स्रोत-साधनको प्रचुरताको बाबजुद सदियौंदेखिको मलिलो भूमिमा हामीले किन बहुआयामिक कल्पवृक्षहरू उमार्न र हुर्काउन सकेनौं? यो यक्ष प्रश्नको उत्तर २०१७ देखि २०६२ सालसम्म लोकतन्त्रको लागि लडेको पुरानो पुस्ताले मात्र होइन, २०६२/६३ को पूर्ण लोकतन्त्र पछि हुर्किएको पुस्ताले पनि दिनुपर्ने समय आइसकेको छ । नयाँ पुस्ताले विगतका शासकले देश विकासमा गरेका गल्तीबाट पाठ सिक्दै विश्व विकासको वेगलाई पक्रिएर देशको नेतृत्वको लगाम पक्रिनुपर्ने हो तर मौजुदा नयाँ पुस्ता कलुषित राजनीतिक प्रवृतिको फेरो समातेर पितृ नेताहरूसँगै सत्ता वरिपरि ताते गरिरहेको छ ।

**विश्व विकास प्रवाहमा नेपाल कहाँ चुक्यो ?**

इतिहासमा सयौं कोणका फेहरिस्तहरू छन् । पृथ्वीनारायण शाहले सन् १७४३ तिर २० वर्षको उमेरमा सत्ता सम्हाले । २८० वर्षअघि विश्व साम्राज्यवादको माहोल बुझेर राज्य एकीकरणको महाभियान चलाए । आधुनिक नेपालको एकीकृत भूगोल स्थापनाको दूरदर्शी चेतले विश्व साम्राज्यवादको पञ्जाबाट तत्कालीन शासकले देशको मानचित्र सुरक्षित गर्ने चुनौतीपूर्ण काम गरे ।

तर त्यसयताका शासकहरू आधुनिक विकासको विश्व म्याराथुनमा देशलाई गतिशील बनाउन चुके । दरबार र भारदारको सत्ता द्वन्द्वको अल्झनबाट १०४ वर्षको राणाकालमा कालो सुरूङमा छिर्दा देश नजरबन्दमा पर्‍यो । विश्व राजनीतिले नागरिक स्वतन्त्रता र विकासको आधुनिक युगको रकेट यात्रा गरिरहँदा, एक शताब्दीको कालो कोठरीबाट भर्खरै मात्र निस्केर नागरिक नेतृत्वले बाहिरी विश्व नियाल्न नपाउँदै हाम्रो देश लगभग ६ दशक किस्ताबन्दी लोकतन्त्रको उल्झनमा पर्‍यो । पटक-पटक अवसरै अवसर पाउँदा पनि सदुपयोग गर्न नेतृत्व चुक्दा देश भीख माग्नेको स्थितिबाट माथि उठ्नै सकेन ।

नेपाल चुकेको पहिलो कालखण्ड हो राणाकाल । जुन कालखण्डमा पश्चिमी साम्राज्यवादको सिको र सहकार्य गर्दै सम्राट मैजी (सन् १८६८-१९१२) ४४ वर्ष नेतृत्व गरेर जापानलाई आधुनिक देश मात्र होइन विश्व शक्तिको रूपमा स्थापित गरेका थिए । त्यो बेला नेपालमा विश्वको सम्राट बेलायतसँग घनिष्ट सम्बन्ध भएका र सघन सहकार्य गरेका शक्तिशाली प्रधानमन्त्री जंगबहादुर राणाले सन् १८४६ देखि १८७७ सम्म ३१ वर्ष एकलौटी शासन गरेका थिए ।

जापानी राजाले समयको गतिलाई पक्रेर आर्थिक जग र भौगोलिक सीमाहरू बढाइर हँदा नेपाली शासक भने एक सय वर्षको कालो समयमा देशको चारकिल्ला संरक्षण मात्रमा सीमित भए । आधुनिक विकासको स्वर्णिम समयको चेत भने मोजमस्तीमा बन्धकी राखे । सम्राट मैजीको आधुनिक जगमा खडा भएको एशियाको आर्थिक साम्राज्य यति बलियो बन्यो कि सन् १९४५ को विध्वंसकारी अमेरिकी एटम बमले बनाएको हजारौंको अग्नि चिहानबाट खरानी टकटक्याउँदै एकाध दशकमा विज्ञान-प्रविधिको अभूतपूर्व विकासको दरिलो जगमा विश्वव्यापी आर्थिक साम्राज्य स्थापित गर्‍यो ।

युद्धको चिहानबाट उदाएको अर्को देश कोरिया पनि नेपाली शासकको लागि प्रेरणा बन्न सकेन । आजको दिनमा लाखको संख्यामा नेपालीहरूको रोजीरोटीको गन्तव्य बनेको एशियाको अर्को समृद्ध देश दक्षिण कोरिया । यो देश तीस लाख मानिसको चिहान बनेको कोरिया युद्धको सन् १९५३ मा समाप्तिसँगै चरम आर्थिक संकट र राजनीतिक अस्थिरताको भुमरीमा फसिरहँदा नेपालमा २००७ सालको क्रान्तिपछि लोकतन्त्रको बहाली भइसकेको थियो ।

राजनीतिक खिचातानीका क्रममा कोरियाका तत्कालीन सेनाप्रमुख चुंग ही पार्कले सन् १९६१ मा सैन्य कु मार्फत देशको सत्ता हातमा लिएर १८ वर्ष शासन गर्दा आधुनिक कोरियाको दरिलो जग बसाल्दै आर्थिक उन्नतिको राजमार्ग बनाए । नेपालको इतिहासमा त्यो कालखण्डमा राजा महेन्द्रले राजनीतिक कु मार्फत स्थापित पञ्चायती शासन थियो । महेन्द्र स्वयंले १७ वर्ष (सन् १९५५ देखि १९७२) सम्म प्रत्यक्ष शासन गरेका थिए ।

लगभग उही समयखण्डमा उही प्रकृतिका कोरियन शासक चुंग ही पार्कले युद्धको चिहानले खण्डहर भएको देशमा यावत् चुनौतीलाई पन्छाउँदै समृद्धिको महल बनाउँदै गर्दा हाम्रा तत्कालीन शासकले तुलनात्मक रूपमा अनुकूल समयको सदुपयोग गर्दै आर्थिक उन्नतिका दह्रो र भरपर्दो जग गाड्न सकेनन् । राजा महेन्द्रले ठोस जग बसाउने प्रयास गरेका थिए तर उनको समृद्धिको ब्लुप्रिन्ट बोकेको गाडी बेथितिको भारले थिचिएर आधुनिक विकासको लोकमार्गमा गुड्नै सकेन ।

अर्को उल्लेखनीय तथ्य नेपालको पंचायतकालमै अर्को दृष्टान्त सिंगापुरले देखायो । महेन्द्रकालको सुरुवाती समय (सन् १९५९) देखि सिंगापुरको सत्ता सम्हालेका ली क्वानले आफ्नो तीसवर्षे शासनकाल (सन् १९९०) अर्थात् हाम्रो पूरा पंचायत सत्ताको समयावधिमा खोरिया जस्तो भूगोलमा रणनीतिक चातुर्यका साथ आधुनिक सिंगापुरको निर्माण गर्न सफल भएका थिए ।

पहिलो विश्वले मंगल ग्रहमा पानी खोज्दै बस्ती बसाल्ने योजना बनाउँदैछ । हामी भने देशको राजधानीको पुरिएको नदी खोज्न र किनारको बस्ती/सडक व्यवस्थित गर्न सकिरहेका छैनौं ।

नेपालमा भने विश्व शीतयुद्धको फाइदा उठाउँदै आधुनिक विकासको जग बसाल्नुपर्ने त्यो स्वर्ण समय अपहरित लोकतन्त्रको प्राप्तिको आन्तरिक संघर्षमा बितायो । जहानियाँ शासनबाट खोसिएको राज्य सत्ता २००७ देखि २०४६ सालको समयमा आन्तरिक राजनीतिको कुवाभित्र लुकामारी गर्दै खेर गयो । २०४६ सालपछि पनि आन्तरिक राजनीति यति अस्थिर र विकृत भयो कि प्रजातन्त्र बहाली भएको एकाध वर्ष नबित्दै देश युद्धमा फस्यो ।

यही समयको सेरोफेरोमा हाम्रा नेताहरूले पछिल्लो समय दृष्टान्त दिने गरेको मलेसियाको विकासका सफल आर्किटेक्चर महाथिर मोहमदले २४ वर्ष नेतृत्व गरेर २०६० सालमा विकसित मलेशिया नयाँ पुस्तालाई हस्तान्तरण गरेका थिए । दुखद संयोग, मलेशियामा मेडिकल डाक्टरले देशको नेतृत्व गरेर आर्थिक निर्माण गरिरहँदा, नेपालका विख्यात विद्वान तथा पेशाले आर्किटेक्चर डा. बाबुराम भट्टराई लगायतको नेतृत्वले भूमिगत जनसरकार गठन गरी पूर्ण लोकतन्त्रको बिगुल फुक्दै विध्वंसको महाभियान चलाइरहेको थियो ।

नेपाली नागरिकको दुर्भाग्य यस्तो भयो कि देशमा थरी-थरीको शासन प्रणाली त आयो तर आजका दिनसम्म जापानका-मैजी, कोरियाका-पार्क, सिंगापुरका-ली तथा मलेसियाका-महाथिर जस्तो समयको गति र चुनौतीलाई सामना गर्दै आधुनिक देश निर्माणको नेतृत्व गर्न सक्ने ल्याकत भएको योग्य भूमिपुत्रहरू निस्किएनन् ।

**अहिले हामी कहाँ छौं ?**

माथि उल्लिखित विभिन्न देशहरूले आधुनिक विकासको जग हालिरहँदा हाम्रो देशले किमतीवाला दिनहरू कुवाभित्र लेफ्ट-राइट गर्दै खेर फाल्यो । दोस्रो विश्व युद्धको अन्त्यसँगै विश्व राजनीति, आर्थिक विकासको महाअभियान माहोलमा क्षेत्रीय गठबन्धनको साझेदार र गैर-सरकारी सहयोगको संजालको युगमा प्रवेश गर्‍यो तर नेतृत्वले अवसरलाई सदुपयोग गर्न सकेन ।

विज्ञानको भाषामा भन्दा देशको राजनीतिक नीति र नेतृत्वको बलले आधुनिक आर्थिक दूरी पार गरेन । जसले कार्य परिणाम शून्य प्राय: बनायो । देशको कुनै खास सामर्थ्य विकास हुन सकेन । यसले देश जीवनमा दुई कमजोरी प्रतिविम्बित गर्छ । पहिलो, राजनीति, सुशासन तथा आर्थिक नीति परिपूरक नहुनु । दोस्रो, देशले आर्थिक उडानलाई गतिशील बनाउन देशको नेतृत्वको दूरदृष्टि गुरुत्वबल कमजोर हुनु । मुख्यत: देशले समृद्धिमा उडानका बाधाहरूको जमिनी समाधानका रेसाहरू केलाउन सक्ने रचनात्मक नेतृत्वको खडेरी परेको छ ।

नेपालको प्रगति मापनका अन्तर्राष्ट्रिय सूचकहरूमा दशकौंदेखि भुमरीमा फसेको देख्न सकिन्छ । नेताहरूले अक्सर वि.सं. २००७ देखिको होस् या पंचायत काल र २०४७ सालयताको देशको शिक्षा, स्वास्थ्य, यातायात संजाल, आर्थिक तथा सामाजिक क्षेत्रका तथ्यको तुलना गर्दै प्रगतिका सूचकांकहरूको सुधार भएको दाबी गरेको पाइन्छ । हिजोभन्दा देश विकासका हरेक सूचकांकहरूमा प्रगति भएको सत्य हो तर यो प्रगति राज्यको भन्दा पनि विकास समयको वहाब र नागरिकको निजी प्रयासबाट भएको हो ।

अहिले हुँदै गरेको प्रगतिको तथ्यांकको वृद्धि एक स्वस्थ बालकको उमेरजन्य हुर्काइ जस्तो मात्रै हो । देशको नीति र नेतृत्वले ल्याएको विकास भनेको माथि उल्लेख गरिएका मलेसिया, सिंगापुर, कोरिया र जापान जस्ता देशहरूको कुनै एक कालखण्डमा जस्तो हुनुपर्छ । जहाँ आफ्नै दरिलो आधार सहित ज्यामितीय अनुपातको आर्थिक वृद्धिसँगै देश जीवनका हरेक सूचकांकहरूले छोटो समयमा विश्व गुणस्तरको उचाइमा छलाङ मार्छन् ।

हाम्रो देशमा भने वि.सं. १९०३, २००७, २०१७, २०४७ र २०६३ मा भएका मुख्य राजनीतिक घटनापछि उदाएका तत्कालीन नेतृत्वले आफ्नो कार्यकालमा विश्व विकासको प्रवाहलाई समेट्ने कुनै उल्लेख्य काम गरेनन्, जसले देशको आर्थिक विकासमा छलाङ हान्न सकेको होस् ।

जतिसुकै तथ्यांक खेलाएर विगत र वर्तमानको तुलना गरे पनि आजको जमिनी सत्य भनेको नेपाल दक्षिणएशियाको सबैभन्दा गरिब र विश्वको १९६ देशहरूमा १७ औं गरिब देश हो । प्रतिव्यक्ति आय, बाँच्ने आयु, साक्षरता, आधुनिक सुविधामा आम पहुँच बढे पनि त्यसमा राज्यको नेतृत्वमा खडे बाबाभन्दा अलिकति बढी ठूलो भूमिका मात्रै छ ।

दशकौंदेखि विकसित देश तथा गैर-सरकारी संस्थाहरूले दिएको आर्थिक सहयोग र अनुदानको सही ठाउँमा सही तरिकाले सदुपयोग भएको हुन्थ्यो भने अहिले बामे सरिरहेका मानव संसाधनका परिसूचकहरूले भ्यागुते फड्को मारिरहेका हुन्थे । तर आजका दिनसम्म पनि देशको ढुकुटी लाहुरे विरासतले निरन्तर भरिरहेको छ । देशको जीडीपीको एक चौथाइ विप्रेषणले ओगटेको छ । यसलाई घटाउने हुटहुटी सहितको ठोस योजना देखिंदैन ।

देशको शिक्षा, सुशासन तथा आर्थिक गतिविधिहरूको चुस्तता दयालाग्दो छ । ट्रान्सपरेन्सी इन्टरनेसनल (टीआई)ले वार्षिक निकाल्ने १८० देशहरू सूचीकृत भएको सुशासनको इन्डेक्समा पछिल्लो रिपोर्ट (२०२३) मा ३५/१०० अंकसहित ११०औं स्थानमा रहेको छ । जबकि सन् २०१२ मा २७/१०० अंक पाएको थियो । दशकौंदेखिको भ्रष्टाचारको रातो बत्ती नियन्त्रणको ठोस पहल हुनसकेको छैन ।

दु:खको कुरा इतिहासमा तत्कालीन शासकले विश्व विकासको गतिमा देशलाई हिंडाउन चुके जस्तै गणतन्त्र नेपालको नेतृत्वहरू पनि पुरानै गल्ती दोहोर्‍याउँदै छन् । अरुले गरेका विकास र समृद्धि कर्महरूका पाठक मात्र भएका छौं । देशको माटोसँग जोडिएको शैक्षिक नीति, विज्ञान तथा सूचना-प्रविधिसँग जोडिएको जनशक्ति, पर्यटन र औद्योगीकरणको जगमा उभिएको आर्थिक सबलता बनाउन चुकिरहेका छन् । नयाँ पुस्ताले असफल नेतृत्वको इतिहास दोहोर्‍याउने बाटोमा हिंडे देश पुन: अर्को भड्खालोमा पर्ने निश्चित छ ।

**आधुनिक विश्व नियालिरहेको नयाँ पुस्ता**

नयाँ पुस्ताले आधुनिक विश्वको गतिशील समय नजिकबाट बुझेको मात्र होइन अनुभूति नै गरेको छ । नव युवाहरूले सूचना-प्रविधिले खुल्ला गरेको अथाह ज्ञानको सदुपयोग गर्दै सफ्टवेयरको क्षेत्रमा अभूतपूर्व सफलता हासिल गरिरहेका छन् । सूचना-प्रविधिको साम्राज्यले हाम्रो मस्तिष्कको कृत्रिम तथा भावनात्मक इन्जिनियरिङ गरेर आफू अनुकूल प्रयोग गरिरहेको छ ।

अब त झन् सूचना-प्रविधिको साम्राज्यबाट देश मात्र होइन नागरिकको सोच माथि नै दूर नियन्त्रण स्थापित गर्ने मोडमा विश्व आइपुगेको छ । जहाँ हामी स्वत: सामेल र समाहित हुँदै आएका छौं । तर हाम्रो जमिन भने निकै फरक छ ।

पहिलो विश्वले मंगल ग्रहमा पानी खोज्दै बस्ती बसाल्ने योजना बनाउँदैछ । हामी भने देशको राजधानीको पुरिएको नदी खोज्न र किनारको बस्ती/सडक व्यवस्थित गर्न सकिरहेका छैनौं ।

सय वर्ष अघि विश्व माहोल नबुझेर पछिपरेको नेपाल अहिले पनि किंकर्तव्यविमूढ नै छ । हामी युवाहरूलाई बेचेर सुनको थालमा प्वाल परी कुशासनका मतियारहरूलाई बोकी लेफ्ट-राइट गरिरहेका छौं । प्रकृति स्रोत-साधनको धनी देश भीरको चिन्डो जस्तो भएको छ । युएन, युएनडीपी, विश्व बैंक जस्ता अन्तर्राष्ट्रिय संस्थाहरूमा दीक्षित संसार बुझेका विज्ञहरू समाधान केन्द्रित साधक भन्दा विकास अर्थशास्त्रका सूचना तथा तथ्यांकका प्रवक्ता भएका छन् । राज्य संयन्त्रले देशको जमिनी समस्या नियालेर समाधान निकाल्ने ल्याकत बनाउन सकेको देखिंदैन ।

देशको नेतृत्व सत्ता केन्द्रित राजनीतिमा भुलिरहँदा, भूमण्डलीकरणले दिएको विश्व विकास र पहुँचलाई नजिकबाट बुझेको नयाँ पुस्ता अधीर बनेको स्थिति छ । अरुले पुस्तौं कडा मिहिनेत गरेर हुर्काइदिएको बहुआयामिक कल्पवृक्षको बनिबनाउ संसारमा समाहित हुन चाहने बाध्यात्मक र खहरे मनोविज्ञानले उर्वर भूमि सदुपयोग विना नै बन्जर हुने सम्भावना छ । पूर्ण लोकतन्त्र त आयो तर राजतन्त्र र राणाकालमा गडेको वंश र परिवार वादले अहिलेका राजनीतिक दलमा निरन्तरता पाएको छ । यो कु-तन्त्रको निरन्तरताको क्रमभंगता अहिलेको प्रमुख चुनौती हो ।

योग्यता, क्षमता र दक्षताको आधारमा देशका विभिन्न क्षेत्रहरूमा अवसरको सुनिश्चितता हुनसकेको छैन । २१औं शताब्दीको मेरिट चेत हाम्रो जमिनमा स्थापित गर्न राज्य सचेत देखिंदैन । नयाँ पुस्ता राज्यले सृजना गरेको यस्ता समस्याहरूबाट वाक्कदिक्क भएको छ । पहिलो विश्वको श्रम बजारका हरेक क्षेत्रमा सहज पहुँच बनाउन सक्छ ।

पहिलो विश्वको त्यो माहोल बुझेको पुस्ताको सक्रिय हस्तक्षेपबाट नै आफ्नो जमिनमा ती अवसरहरूको सृजना सम्भव छ । विगतमा नयाँ-पुराना शासकहरूले अन्तर्राष्ट्रिय माहोल बुझेर आफ्नै माटोमा सम्भावनाहरूको बिरुवा हुर्काउन असफल भएकै हो । अबका दिनमा आधुनिक विश्व नजिकबाट बुझेको नयाँ पुस्ताले यावत् चुनौतीलाई चिरेर सबै सम्भावनाहरूलाई देशको जमिनमा स्थापित गर्ने अभियानको नेतृत्व गर्ने बेला आएको छ ।

*(साभार: अनलाइनखबर)*

# परिवारको सम्पर्कमा छैनन्
# रूसी सेनामा भर्ना भएका ३०० नेपाली

काठमाडौं/रूसी सेनाको पोशाकमा उभिएका श्रीमान्को फोटो हेरेर एकतमास टोलाइरहिन्छिन्, बाग्लुङकी गीता घर्ती मगर । ह्वाट्सएपमा श्रीमान्सँग भएको अन्तिम संवाद सम्झिन्छिन् र आश गर्छिन्, 'युद्ध मैदानमा फस्नुभएको होला, छिट्टै खबर आउला ।'

आखिर श्रीमान्ले पनि यसै भनेका थिए, 'युद्ध क्षेत्रमा जाँदैछु, फोन लाग्दैन । फर्किन कति समय लाग्छ थाहा छैन, नआत्तिनू ।'

तर श्रीमान् सम्पर्कमा नआएको ५ महिना भइसकेपछि भने उनी अत्तालिएकी छिन् । 'युद्धमा जानु भएर सम्पर्कबाट हराउनुभयो' उनले संचारकर्मीसँग टेलिफोनमा भनिन्, 'यतिका समय हुँदा पनि कुनै खबर नआउँदा मन पोलिरहन्छ ।' तैपनि खबर आइहाल्छ कि भनेर पर्खिबसेकी छिन् उनी ।

३ कात्तिकमा उनका श्रीमान् रूसी सेनामा भर्ना हुन भनेर घरदेखि निस्केका थिए । रूस पुगेर रूसी सेनामा भर्ना भएपछि पनि सम्पर्कमै थिए । रूस-युक्रेन युद्धबारे श्रीमतीलाई सबै कुरा फोनमा भनिरहन्थे । 'त्यहाँ पुगेको एक महिनासम्म कुरा भइरह्यो' उनले भनिन्, 'युद्ध लड्न जानुपर्ने भयो भनेर पछि उहाँ हराउनुभयो ।'

१३ मंसिरमा भएको अन्तिम कुराकानीमा कोपिलाले युद्धमा जान लागेको बताएका थिए । 'युद्धमा जाँदैछु सम्पर्क हुँदैन भनेर खबर पठाउनुभएको थियो' उनले भनिन्, 'त्यसपछि उहाँ सम्पर्कमा नै आउनुभएन ।'

अहिले उनका घरमा तीन साना बच्चा छन् । रूसबाट अप्रिय खबरहरू आइरहेका छन् । रूसी सेनामा भर्ना भएका नेपालीको मृत्यु भएका खबरले उनको मनमा सियो रोपे जस्तो हुन्छ ।

'श्रीमान् सम्पर्कमा नआउँदा मन आत्तिएको आत्तिएकै छ' उनले भनिन्, 'सम्पर्क टुटेकै दिनदेखि निदाउन सकेकी छैन । परदेशमा हराएकाले म खोज्न जान पनि सक्दिनँ ।' उनी अहिले एकोहोरो मोबाइल हेर्दै श्रीमान्को खबर पर्खिरहेकी हुन्छिन् ।




पूर्वी नवलपरासीकी शलिना दर्लामी पनि श्रीमान्को खबरको पर्खाइमा बसेको ५ महिना भइसक्यो । रूसी सेनामा गएका श्रीमान् नरबहादुर दर्लामी सम्पर्क विहीन भएदेखि उनको मन बेचैन छ ।

दशैंको अघिल्लो दिन मात्र ५ कात्तिकमा उनका श्रीमान् रूस गएका थिए । 'एजेन्टले युद्ध छैन भन्दै झुक्यायो' उनले भनिन्, 'त्यहाँ पुगेपछि सीधै युद्ध लड्न पठायो ।'

मंसिरको दोस्रो सातादेखि युक्रेनको युद्ध भूमिमा गएदेखि नै सम्पर्कविहीन भए उनी ।

उनले श्रीमान्को खबर पत्ता लगाउन अनेक प्रयास गरिन् । श्रीमान्सँग भएका साथीहरुलाई सम्पर्क गर्न खोजिन् । 'उहाँहरु सबै सम्पर्कविहीन हुनुभएको छ, यहाँबाट हामीले गर्न सक्ने केही छैन, सरकारले पनि उहाँको खोजी गरिदिएको छैन ।'

सम्पर्कविहीन भएका श्रीमान्को फोटो र पासपोर्ट बोकेर रसियन दूतावासदेखि परराष्ट्र मन्त्रालयसम्म धाइन् । मन्त्री र नेतालाई श्रीमान्को खबर पत्ता लगाइदिन भनेर पटक-पटक भेट्न गइन् । तर कुनै पत्तो लाग्न सकेको छैन ।

भन्छिन्, 'श्रीमान् खोज्दै जताकतै धाइरहेकी छु, अहिलेसम्म सरकारले हाम्रो कुरा सुनेको छैन ।'

लामो समयदेखि श्रीमान् हराइरहँदा विक्षिप्त छिन् । बेला-बेला मोबाइल हेर्दै झस्किरहन्छिन् । 'श्रीमान्को खबर आयो कि भनेर राति पनि ब्युँझेर मोबाइल हेर्छु', उनले सुनाइन् ।

विदुर नगरपालिका, नुवाकोटकी चिनीमाया थोकरका श्रीमान् विजय थोकरसँग पनि १३ मंसिरदेखि कुरा हुनसकेको छैन । चिनीमायाका अनुसार रूसी सेनामा भर्ना भएका विजयको ह्वाट्सएपमा अनलाइन देखाइरहन्छ । तर यताबाट निरन्तर कल/म्यासेज गर्दा पनि कुनै रिप्लाई आएको छैन ।

अनलाइन देखाएको भरमा उनले चित्त बुझाउन कोशिश गरिरहेकी छिन्, मनमा कत्ति पनि शान्ति छैन । 'अनलाइन देखाए पनि कुरा नभएको मंसिरदेखि नै हो' उनले भनिन्, 'एक पटक बोलिदिएको भए पनि मन बुझाउन त हुन्थ्यो नि !'

यसअघि पनि एक पटक उनका श्रीमान् युद्धमा गएर फर्केका थिए । त्यो बेला केही समय सम्पर्कविहीन भएका थिए । यस पटक भने लामो समय भइसक्दा पनि कुनै खबर छैन । 'अहिलेसम्म कुनै खबर त आएको छैन, तर सकुशल हुनुहुन्छ होला भन्ने लागिरहन्छ' उनले भनिन्, 'नभए किन पो अनलाइन देखाउँथ्यो होला र ?'

**३०० नेपाली सम्पर्क बाहिर**

२४ फेब्रुअरी २०२२ मा रूसले युक्रेनमाथि आक्रमण गरेपछि सुरु भएको पछिल्लो युद्धका क्रममा ठूलो संख्यामा दुवै देशका सैनिक मारिएका छन् ।

युद्धका क्रममा रूसले आफ्नो सैनिकसँगै निजी सैनिक कम्पनी वाग्नर, रेड्ुट लगायतको फौजलाई प्रयोग गरेको छ । उसले अहिलेसम्म आधिकारिक रूपमा आफ्नो कति सैनिक मारिए भनेर बताएको छैन । बीबीसी न्यूजका अनुसार रूसले १ लाख २३ हजारभन्दा बढी रूसी सैनिक युद्धका क्रममा मारिएको अनुमान गरेको छ ।

रूसी सेनामा भर्ना भएका १७ जना नेपालीको मृत्यु भएको नेपाल सरकारले नै पुष्टि गरेको छ । यद्यपि मृतकको संख्या योभन्दा धेरै बढी रहेको पीडितहरु बताउँछन् ।

रूसी सेनामा गएर मृत्यु भएका वा सम्पर्कविहीन भएकाहरुको खबर कन्सुलर सेवा विभागले लिइरहेको छ । विभागमा झण्डै चार सय जनाका परिवारले निवेदन दिएका छन् ।

रूसी सेनामा भर्ना भएकाहरूको परिवारलाई एकीकृत गरिरहेको 'रूसी सेनामा आवद्ध नेपालीको जीवनरक्षार्थ अभियान'सँग अहिलेसम्म दुई हजार बढी परिवार सम्पर्कमा आएका छन् । जसमध्ये साढे ६०० जनाको नाम सहितको विवरण नै तयार गरिएको अभियानकी अभियन्ता कृतु भण्डारीले बताइन् ।

उनीहरुमध्ये करिब ३०० नेपाली सम्पर्कविहीन छन् । 'रूसी सेनामा भर्ना भएर ५/६ महिनादेखि हराइरहेको मात्रै तीन सय परिवार जोडिनुभएको छ' भण्डारीले भनिन्, 'परिवारलाई स्रोत मानेर रूसमा गएर हराइरहेका र मृत्यु भएकाहरुको रेकर्ड नै राखेका छौं । यो संख्या अझै थपिइरहेको छ ।'

परराष्ट्र मन्त्री नारायणकाजी श्रेष्ठले भने रूसी सेनामा भर्ना भएको विषयलाई सम्बोधन गर्न कूटनीतिक प्रयास जारी रहेको बताए ।

उनले रूसी सेनाका मृतकको शव फिर्ता, सम्पर्कविहीन भएकाहरुको खोजी, घाइतेको उपचार, रूसमा रहेकाहरुलाई फिर्ता ल्याउने सवालमा सैद्धान्तिक छलफल भइरहेको बताए । 'यो संख्या कति छ भन्न सकिने अवस्था छैन' श्रेष्ठले भने 'सम्बोधनका लागि प्रयत्न गरिरहेका छौं, तर ठोस कुरा आउन सकेको छैन ।'

उनले रूसमा फसेका नेपालीहरुको हकमा करार सम्झौता रद्द गरेर नेपाल फर्काउने विषयमा सैद्धान्तिक रूपमा छलफल पनि भइरहेको बताए ।

*(स्रोत: अनलाइनखबर)*

# 'कबड्डी' श्रृंखलाको ह्याङबाट 'डिग्री माइला' मुक्त छ ?




काठमाडौं/निर्देशक रामबाबु गुरुङ र अभिनेता दयाहाङ राईले सहकार्य गर्ने प्राय: फिल्मलाई 'कबड्डी' श्रृंखलाको ह्याङबाट मुक्त हुन नसकेको आरोप लाग्ने गरेको छ । कथाको बनावट होस् वा पात्रको मनोदशा, उनीहरुका फिल्ममा 'कबड्डी'को प्रभाव कहीँ न कहीँ देखिन्छ । यही चैत ३० गते रिलिज हुने उनीहरुको नयाँ फिल्म 'डिग्री माइला'मा पनि त्यसको प्रभाव देखिएको त छैन भन्ने प्रश्न उठिरहेको छ ।

दयाहाङ यसमा नयाँ बाटो हिँड्न प्रयास गरिएको तर्क गर्छन् । उनी भन्छन्, 'काम गर्ने क्रममा हाम्रो केही गुणहरु अवश्य आउलान् । तर, सोच र अनुभवको हिसाबले हामीले यसमा केही नयाँ बाटो हिँड्ने कोसिस गरेका छौं । 'कबड्डी'का श्रृंखलाभन्दा यसमा केही नयाँ भेटिनेछ ।' हरेक सर्जकले आफ्नो सिर्जनालाई अघिल्लोभन्दा अब्बल र फरक हिसाबले बनाउन चाहने दयाहाङको बुझाई छ ।

'हरेक सर्जकमा आफ्नो सिर्जनालाई अघिल्लोभन्दा अब्बल बनाउँछु र केही फरक तरिकाले सोच्छु भन्ने त हुन्छ । तर, उसको सोच्ने मस्तिष्क त त्यहीँ नै हो नि । यसैले अघिल्लो सिर्जना जस्तै छ कि भनेर कुरा आउनु स्वभाविक हो । र, फरक गरेको छु भनेर दाबी गर्नु पनि बेकार कुरा हो जस्तो लाग्छ,' उनी भन्छन् । 'कबड्डी' श्रृंखलाको प्रभाव 'डिग्री माइला'मा नदेखिने दयाहाङको विश्वास छ ।

अभिनेत्री आँचल शर्मालाई भने 'कबड्डी' श्रृंखलाभन्दा 'डिग्री माइला' फरक छ भन्ने लाग्छ । उनी भन्छिन्, 'डिग्री माइला भन्ने जुन पात्र छ र उसको जुन बोलाई छ त्यो काजी होइन । यसको कथा र पात्र नै फरक छ ।' उनी आफ्नो पात्रलाई दर्शकले याद गर्नेमा पनि विश्वस्त छिन् । भन्छिन्, 'माइला पात्रको भूगोलमा नै मेरो पात्र छ । यसैले माइलालाई सम्झिँदा दर्शकले मेरो पात्र पनि सम्झनुहुन्छ ।'

त्यस्तै, अभिनेता कमलमणि नेपाल 'डिग्री माइला'लाई समाजको कथा मान्छन् । 'यसमा मीठो कन्टेन्ट छ । एउटा पात्रको कथा छ । समाजको कथा छ । शिक्षामाथिको विकृतिप्रति व्यंग्य पनि छ,' उनी भन्छन्, 'हरेक मानिसको आफ्नै सपना हुन्छ । डिग्री माइलाको पनि एउटा सपना छ । यो पात्र नेपाली समाजको बिम्व हो । अब माइला भन्ने शब्द नै शब्दकोश र 'डिग्री माइला'मा मात्र भेटिन्छ ।'

# 'महाजात्रा' : देशभित्र १४ करोड, विदेशमा ९ करोड

काठमाडौं/अक्सर सफलताको दौडमा रहने नेपाली फिल्मको व्यापार दोस्रो साताबाट कमजोर हुँदै जान्छ । तर, होलीको अवसरमा प्रदर्शनमा आएको फिल्म 'महाजात्रा'को हकमा फरक परिदृश्य देखिएको छ । आज (शुक्रबार)बाट चौंथो हप्तामा प्रवेश गर्न लागेको फिल्मले दोस्रो र तेस्रो हप्ता पनि आक्रामक व्यापारलाई यथावत् राख्यो । यो दुई हप्तामा मात्र फिल्मले झन्डै ८ करोडको व्यापार गरेको छ ।



पहिलो हप्ता फिल्मको व्यापार ६ करोड २४ लाख थियो । दोस्रो हप्ता ३ करोड ९० लाख कमाएको फिल्मले तेस्रो हप्तामा ४ करोड नजिकको व्यापार गरेको जनाइएको छ । अर्थात् तीन हप्तामा फिल्मले १४ करोडमाथि कमाएको छ । अब 'जारी'को रेकर्ड तोड्ने बाटोमा 'महाजात्रा' देखिन्छ । गत बैशाखमा आएको 'जारी'ले सय दिन मनाउँदा १७ करोड १७ लाखमाथिको व्यापार गरेको थियो ।

'महाजात्रा'ले तीन हप्तामा नेपालभित्र १४ करोडमाथि व्यापार गर्दा विदेशमा समेत उच्च अंक जोडेको छ । प्राप्त जानकारी अनुसार, विदेश प्रदर्शनबाट मात्र फिल्मले ९ करोड कमाएको छ । योसहित देश र विदेशको गरी फिल्मको व्यापार २३ करोड नाघेको छ । विदेशमा फिल्मलाई उपलब्ध हरेक शोज हाउसफुल भइरहेका छन् । विशेषगरी मध्यपूर्वी देशहरुमा फिल्मको व्यापार बलियो छ ।

चौंथो हप्तामा पनि फिल्मको व्यापार सुखद् रहने सम्भावना देखिन्छ । किनभने, प्राय: हलहरुले राम्रो शोज उपलब्ध गराएका छन् । देशकै ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्सले मात्र ८ वटा हलमा ३४ शोज दिएको छ । अन्य हलसहितको जोड्दा चौंथो हप्तामा पनि फिल्मले एक सय बढी शोज पाएको छ । प्राप्त शोमा राम्रो अकुपेन्सी भए फिल्मले चार हप्तामा १६ करोडको आँकडा नघाउनेछ ।

एसीसी प्रिमियर कपमा नेपाल :

# फेरि भारत र पाकिस्तानसँग भेट पक्का गर्ने अवसर

काठमाडौं/तुलनात्मक रुपमा सहज प्रतिद्वन्द्वी मलेसियासँग खेल्दै नेपालले एसीसी प्रिमियर कप सुरु गर्दैछ । आज शुक्रबार ओमानमा हुने नेपाल र मलेसियाको खेल नेपाली समय अनुसार दिउँसो ४:१५ बजे सुरु हुनेछ । १० देश सहभागी प्रतियोगितामा नेपालको लक्ष्य उपाधि रक्षा गर्दै क्रिकेटका पावर हाउस भारत र पाकिस्तानसँग फेरि प्रतिस्पर्धा गर्नु हुनेछ ।

किनकि दुई महिनापछि हुने टी-२० विश्वकपमा नेपाल रहेको समूहमा भारत र पाकिस्तान परेन । सुपर एटमा पुग्यो भने मात्र भारत वा पाकिस्तानसँग खेल्ने अवसर जुर्नेछ । सुपर एटमा पुग्न दक्षिण अफ्रिका, श्रीलंका, बंगलादेश र नेदरल्याण्डस् रहेको समूह डीको शीर्ष दुईमा पर्नुपर्छ, जुन सहज छैन । एसीसी प्रिमियर कपमा उपाधि रक्षा गरेमा अर्को वर्ष एसिया कपमा भारत र पाकिस्तानसँग खेल्ने अवसर हुनसक्छ ।

छनोट प्रतियोगिताबाट गएको हङकङ एसिया कपमा चार पटक (२००४, २००८, २०१८ र २०२२) नै भारत र पाकिस्तान रहेको समूहमा परेको थियो ।

गतवर्ष पनि एसीसी प्रिमियर कपको उपाधि जित्दै नेपालले एसिया कपमा भारत र पाकिस्तानसँग खेलेको थियो । नेपाली खेलाडीहरुका लागि पाकिस्तानका बाबर आजम, मोहम्मद रिजवान, शाहिन शाह अफ्रिदी, अनि भारतका विराट कोहली, रोहित शर्मा जस्ता खेलाडीविरुद्ध खेल्नु आफैंमा ऐतिहासिक अवसर थियो ।

त्यसैले भोलि शुक्रबार देखि ओमानमा सुरु हुने एसीसी प्रिमियर कपको च्याम्पियनले २०२५ मा एसिया कपमा भारत र पाकिस्तानसँग खेल्ने सम्भावना छ । एसिया कपमा पुग्नु एसीसी प्रिमियर कपमा सहभागी सबै टोलीको लक्ष्य हो । प्रतियोगिताको समूह ए मा नेपाल, मलेसिया, साउदी अरेविया, कतार र हङकङ छन् भने समूह बी मा युएई, ओमान, बहराइन, कम्बोडिया र कुवेत परेका छन् ।

नेपाल टी-२० आई वरीयतामा १७ औं स्थानमा छ । र, नेपालभन्दा माथिल्लो बरियताको युएई (१६ औं) मात्रै हो । ओमान १८औं, हङकङ २१औं, मलेसिया २५औं, बहराइन २७औं, कतार २८औं र साउदी अरेविया ३१औं स्थानमा छन् । २०१९ मा नेपाल ११औं वरीयतामा भएपनि विश्वकप टी-२० छनोटमा आफूभन्दा निकै तल्लो बरियतामा भएको कतार र घरेलु टोली सिंगापुरसँग पराजित भएको थियो । त्यसैले वरीयताभन्दा हरेक दिन सर्वोत्कृष्ट खेल बाहेक अर्को विकल्प छैन ।

**ब्याटिङ मुख्य हतियार, डेथ ओभर कमजोरी**

नेपालको अन्तिम १४ सदस्य टोलीमा स्पिनर ललित राजवंशी र पेसर अभिनाश बोहरा बाहेक अन्य सबै राम्रो ब्याटिङ गर्दछन् । अभिनाश र ललित दुबै एकसाथ प्लेइङ-११ मा खेल्ने सम्भावना कम छ । खेल्दा पनि नेपालको ब्याटिङ ९ औं नम्बरसम्म हुनेछ ।

ओपनिङ आसिफ शेख र कुशल भुर्तेलले गर्नेछन् । तेस्रो नम्बरमा अनिलकुमार शाह, चौथो नम्बरमा रोहित पौडेल, पाँचौं नम्बरमा दीपेन्द्रसिंह ऐरी, छैटौंमा कुशल मल्ल र सातौंमा सन्दीप जोराको सम्भावना छ । त्यसपछि क्रमश: गुलशन झा, करण केसी, सोमपाल कामी आउने सम्भावना छ । यद्यपि टोलीको आवश्यकता र परिस्थिति अनुसार नेपालको ब्याटिङक्रम परिवर्तन हुने सम्भावना रहन्छ । प्रशिक्षक मोन्टी देशाईले खासगरी विकेट छिटो पतन भएको अवस्थामा गुल्सन झालाई चौथो नम्बरमा पठाउने गरेका छन् ।

दीपेन्द्र, कुशल भुर्तेल र कुशल मल्ल प्रमुख हतियार हुन् । रोहित र आसिफ इनिङ विकास गर्दै र बाँकी टी-२० शैलीमा खेल्नुपर्ने हुन्छ । खराब सुरुवात गर्दा पूनरागमन वा राम्रो सुरुवातमा विशाल योगफल बनाउने टोलीमा दम छ । यदि नेपाललाई केहीको चिन्ता छ भने त्यो डेथ ओभर बलिङ हो । डेथ ओभर स्पेशलिस्ट भनिएका अभिनाश मात्र होइन, अन्य बलरको प्रदर्शन राम्रो छैन । त्यसैले अन्तिम पाँच ओभर बलिङ नेपाललाई निकै चुनौतीपूर्ण हुनसक्छ । पछिल्लो समय घरेलु मैदानमा सानदार प्रदर्शन गरेको छ । एसोसिएटका सबै शीर्ष टोलीलाई घरेलु मैदानमा हराइसकेको छ ।

तर नेपाल र ओमानको कन्डिसन फरक छ । ओमानको गर्मीमा खेल्न कठिन हुनसक्छ । पूर्वस्पिनर शक्ति गौचन भने नेपाली टोली भारतको गुजरातमा फ्रेन्डसिप कप खेलेर गएकाले कन्डिसनले धेरै फरक नपर्ने विश्वास राख्छन् । 'गुजरात र ओमानको कन्डिसन १९/२० नै हो । त्यहाँ खेलेको हुँदा कन्डिसनको समस्या नहुन सक्छ', शक्तिले संचारकर्मीसँग भने ।

**विदेशमा जित्न चुनौती**

एसीसी प्रिमियर कप खेल्ने कुनै पनि टोलीलाई कमजोर भन्न मिल्दैन । टी-२० फर्म्याटमा एकले अर्कोलाई हराउन सक्छन् । यद्यपि डिफेण्डिङ च्याम्पियन नेपालसँगै हङकङ, यूएई र घरेलु टोली ओमानलाई उपाधि दावेदार मानिएको छ । हङकङले पछिल्लो समय अन्तराष्ट्रिय प्रतियोगिताहरुमा राम्रो गर्न सकेको छैन ।

*(स्रोत: अनलाइनखबर)*

# सेयर बजारमा कसिला नीतिको अल्झो, होटल र उत्पादनमा उत्साह

काठमाडौं/गएको वर्ष २०७९ लाई सेयर बजार १९३४ अंकले बिदाइ गरेकोमा २०८० लाई भने २०२५ अंकले बिदाइ गऱ्यो । एक वर्ष लामो अवधिमा पनि सेयर बजार जम्मा ४.७ प्रतिशत मात्रै बढ्यो । यो वृद्धिदरमा पनि नयाँ कम्पनीको मूल्यवृद्धिले नै योगदान पुग्यो । यो वर्ष नेप्से २२२७ अंकभन्दा माथि जानै सकेन । साउन ७ मा नेप्से २२२७ अंकसम्म पुगेको थियो भने त्यसको एक महिनाअघि १ जेठमा न्यूनतम १८१८ अंकसम्म झरेको थियो ।

**फेरिएका केही नीतिगत व्यवस्था**

२०७९ सालमा लिइएका कसिला नीतिगत व्यवस्था २०८० मा केही सहज बनाएजस्तो गरियो । खासगरी ठूलो सेयर धितो कर्जामा जोखिमभार १ सय ५० प्रतिशत कायम गरिएकोमा मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षामा त्यसलाई १ सय २५ मा झारियो, जुन हाल कायम छ । त्यस्तै सेयर धितो कर्जामा जाने रकम व्यक्तिलाई १२ करोड रहेकोमा असोजमा निर्देशन मार्फत बढाएर १५ करोड कायम गरियो भने संस्थालाई १५ करोडबाट २० करोड पुऱ्याइयो । २०७९ को तुलनामा सहज, तर समग्रमा कसिलो नीति कायमै रह्यो ।

२० कात्तिकमा नेपाल धितोपत्र बोर्डले म्युचुअल फन्डहरूलाई निर्देशन जारी गर्दै आईपीओ निष्कासनमा पाउने ५ प्रतिशत सेयर सर्वसाधारणलाई निष्कासन भएको ६ महिनासम्म बेच्न नपाउने व्यवस्था गऱ्यो । यसले आईपीओ सूचीकृत पछि म्युचुअल फन्डबाट बजार आउन सक्ने आपूर्ति ६ महिनासम्म नियन्त्रण गऱ्यो ।

सूचीकृत कम्पनीले 'लकइन' मा रहेको सेयर त्यो खुल्नुभन्दा ३० दिनअघि नै लगानीकर्ता र सरोकार वालालाई सूचना जारी गरेर जानकारी गराउनुपर्ने व्यवस्था मंसिरमा गरियो । जुन व्यवस्था हाल लागु भइरहेको छ । नयाँ स्टक एक्स्चेन्ज खोल्ने/नखोल्ने विषय यो वर्ष विवादित बन्यो । त्यस्तै ब्रोकर कमिसन घटाउन धितोपत्र बोर्डले अर्थ मन्त्रालयमा पठाएको प्रस्ताव, साना तथा मझौला कम्पनीको कारोबारका लागि छुट्टै प्ल्याटफर्म तयार गर्ने सम्बन्धी नियमावलीको मस्यौदा अर्थमै अड्किएको छ ।

**उत्पादन र होटल समूहमा किन देखियो उत्साह ?**

यो वर्ष होटल तथा पर्यटन समूह र उत्पादन समूहमा उत्साह देखियो । होटल तथा पर्यटन समूह यो वर्ष ५३ प्रतिशतले बढेको छ । पर्यटक संख्या बढ्नु र यस क्षेत्रका कम्पनीको वित्तीय स्थिति सबल देखिँदा पर्यटन क्षेत्रमा २०८० मा उत्साह देखियो । त्यस्तै होटल तथा पर्यटन समूहमा जम्मा ६ कम्पनी सूचीकृत छन् । थोरै कम्पनी संख्या र उनीहरूको पूँजी पनि न्यून रहेकाले समग्र समूहको सेयर आपूर्ति नियन्त्रित छ, जसले गर्दा यो समूहको सूचक उल्लेख्य बढ्यो ।

त्यस्तै उत्पादन समूहमा पनि जम्मा नौ कम्पनी सूचीकृत छन्, जसमध्ये सर्वोत्तम, घोराही र सोनापुर सिमेन्ट कम्पनी यो वर्षमै थपिएका हुन् । थपिएका यी तीनै कम्पनीको मूल्य बढ्नुले पनि यस समूहलाई बढ्न टेवा पुग्यो ।

अर्कातर्फ, बोटलर्स नेपाल बालाजुको लामो समयसम्म मूल्य प्रतिसेयर नेटवर्थभन्दा तल रहँदा कारोबार भएको थिएन । तर यो वर्ष उसको कारोबार पनि विगतभन्दा उल्लेख्य भयो भने मूल्य पनि बढ्यो । यो समूहमा पनि सीमित कम्पनी र न्यून पूँजीका कम्पनी हुँदा आपूर्ति धेरै हदसम्म सन्तुलित छ ।

**खराब स्थितिमा बैंकिङ**

यो वर्ष बैंकिङ समूह सबैभन्दा खराब स्थितिमा देखियो । यो समूह १५.५५ प्रतिशत घट्यो । सबैजसो बैंकको मूल्य यो वर्ष घटेको छ । सेयर संख्या उच्च रहँदा पनि वर्षेनी बोनस सेयर थपिँदै जानुले बैंकिङ समूहका कम्पनीका सेयर मूल्य घट्दै गएको देखिन्छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'पूजार सार्की'मा अञ्जना र परीक्षाको ग्रामीण लुक्स

काठमाडौं/आगामी जेठ १० गतेदेखि प्रदर्शनमा आउन लागेको दिनेश राउत निर्देशित फिल्म 'पूजार सार्की' स्टारकास्टका कारण चर्चामा छ । पहिलोपटक नेपाली फिल्मका तीन स्टारहरु आर्यन सिग्देल, प्रदीप खड्का र पल शाह एकसाथ देखिन लागेकाले फिल्मले बक्स अफिसमा राम्रो नतिजा ल्याउन सक्ने प्रक्षेपण गरिएको छ । उनीहरुको लुक्सले पनि दर्शकमा फिल्मप्रति कौतुहलता बढाएको छ ।

यस्तैमा, शुक्रबार टिजर रिलिजको तयारीबीच फिल्मको नयाँ पोस्टर सार्वजनिक गरिएको छ । पोस्टरमा आर्यन, प्रदीप र पलसहित मुख्य दुई अभिनेत्री अञ्जना बराइली र परीक्षा लिम्बूलाई पनि स्थान दिइएको छ । उनीहरु ग्रामीण लुक्समा चित्रित छन् । दुई चुल्ठी बाटेकी परीक्षा चुलबुले युवती लाग्छिन् भने अञ्जनाको रुप र हुलियाले जिम्मेवार युवती दर्शाउँछ । उनीहरु दुवै खुसी भावमा छन् ।

पोस्टरको अग्रभागमा भने आर्यन, प्रदीप र पल चित्रित छन् । ढाका टोपीसहित देखिएका आर्यनको लुक्सले पूजारीको संकेत गर्छ । प्रदीप भने लामो कपालसहित कालो टोपी र हाफ पाइन्ट (जाँगे) लगाएर प्रस्तुत छन् । फिल्ममा उनी दमाहा बजाउने चरित्रमा छन् । त्यस्तै, पललाई बन्दुक भिरेको अवस्थामा देख्न सकिन्छ । कलाकारहरुको लुक्सले नै फिल्म ग्रामीण परिवेशमा बनेको बुझाउँछ ।

विकास सुवेदीको लेखन रहेको फिल्ममा मोहन निरौला, प्रेम सुब्बा, तारा शर्मा, लोकेन्द्र लेखक, सुवास गजुरेल, विद्या कार्की, शंकर आचार्य, गोविन्द रमण पराजुली लगायतको पनि अभिनय छ । संगीतकार सुवास भुसाल फिल्मको निर्माण गरेका हुन् । उनले यही फिल्मबाट निर्माणमा हात हालेका हुन् । राजेश श्रेष्ठको छायांकन र हेको फिल्मले जातीय विभेदविरुद्धको कथालाई उठाएको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# थाहामा न्यायिक समितिद्वारा १२ वटै वडामा सचेतना

साझाकुरा संवाददाता

हेटौंडा, २९ चैत/थाहा नगरपालिका न्यायिक समितिले न्यायिक सचेतना कार्यक्रम नगरका १२ वटै वडामा प्रदान गरेको छ ।

थाहानगर न्यायिक समितिका संयोजक एवम् उपप्रमुख भरत गोपालीले समाजलाई सुसंस्कृत र शान्त बनाउन वडाका हरेक व्यक्तिलाई न्यायिक विषयमा जानकारी गराउने हिसाबले कार्यक्रमको गरिएको बताए । थाहा नगरका १२ वटै वडामा न्यायिक सचेतना प्रदान गर्ने हेतुले कार्यक्रम संचालन गरेको हो । थाहा-२ का वडाअध्यक्ष तथा न्यायिक समिति सदस्य बमबहादुर सिन्तानले वडामा हुने स-साना विवादले पनि समाजमा विचल आएको बताउँदै यसलाई स्थानीय तहमा नै मिलाउनु पर्छ भन्ने उद्देश्यले न्यायिक समिति गठन भएको र त्यसैअनुरुप काम भएको बताए ।




त्यस्तै थाहा नगर कार्यपालिका सदस्य तथा न्यायिक समिति सदस्य अनिता बलले समाजमा हुने कस्ता-कस्ता बिषय न्यायिक समितिले हेर्छ ? त्यसमा नागरिकले कसरी सहभागिता जनाउन सक्छन् ? भन्ने उद्देश्यले कार्यक्रम संचालन गरिएको बताइन् । यसमा टोल विकास संस्थाको समेत महत्वपूर्ण भूमिका हुने उनको भनाई छ । कार्यक्रममा मेलमिलापको अवधारणा, सैद्धान्तिक ज्ञान, फाइदा-बेफाइदा, न्यायिक समितिको काम, कर्तव्य र अधिकार, न्यायिक निरुपण सम्बन्धी कार्यक्षेत्र, मेलमिलापकर्ताको भूमिका, गठन प्रक्रियालगायत ऐनका विषयमा जानकारी गराइएको न्यायिक समिति सहजकर्ता गोपी कार्कीले जानकारी दिइन् ।

यो वर्ष थाहामा अहिलेसम्म ४२ वटा उजुरी परेकोमा ३२ वटा उजुरी मेलमिलापबाट हल गरिएको र ३ वटा उजुरीलाई अदालत पठाइएको र ७ वटा उजुरीमाथी सुनुवाइ हुन बाकी रहेको सहजकर्ता कार्कीले जानकारी दिइन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय तहलाई सामान्य प्रकृतिका मुद्दामा फैसला गर्ने र केही विवादमा मेलमिलाप मात्र गराउन पाउने गरी दुई किसिमको क्षेत्राधिकार दिइएको छ । सामान्य प्रकृतिका पारिवारिक, समाज तथा छरछिमेकमा परिरहने किसिमका विवाद निरुपणको जिम्मा पनि स्थानीय तहको न्यायिक समितिलाई दिइएको छ ।

संविधानको धारा २१७ मा कानुन बमोजिम आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरुपण गर्न गाउँपालिका वा नगरपालिकाले प्रत्येक गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा र प्रत्येक नगर पालिकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति रहने र सो बमोजिमको न्यायिक समितिमा गाउँसभा वा नगरसभाबाट आफू मध्येबाट निर्वाचित गरेका दुईजना सदस्य रहने व्यवस्था छ ।

# हेटौंडाको जामे मस्जिदमा इद मनाइयो

साझाकुरा संवाददाता

हेटौंडा, २९ चैत/ हेटौंडास्थित जामे मस्जिदमा इस्लाम धर्मावलम्बी मुसलमानले बिहीवार इद (इद उल फित्र) मनाएका छन् । इदको नमाज पढेपछि एकअर्कामा शुभकामना आदान-प्रदान गर्दै मुसलमानहरुले खुसियाली मनाए ।

नेपाल मुस्लिम इत्तेहाद संगठन जिल्ला कमिटी मकवानपुरको आयोजनामा भएको इदमिलन कार्यक्रमलाइ सम्बोधन गर्दै बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलले एकआपसमा मित्रता कायम गर्ने र खुसीयाली मनाउने पर्व इद भएकाले महत्वपूर्ण पर्व भएको बताए । उनले नेपालमा धेरै खालका कला, संस्कृति, धर्म रहेको जिकिर गर्दै हामी सधैभरी एउटा फूलवारीमा सजिएर बसेको स्पष्ट पारे । कार्यक्रममा बोल्दै ४ नं. वडाअध्यक्ष नवीन सिग्देलले वडाबाट मस्जिद र मदरासाका लागि सहयोग गर्ने प्रतिवद्धता जनाए ।

जामे मस्जिदका मौलाना अब्दुल रहमान अन्सारीका अनुसार एक महिनासम्म रोजा बसेपछि इदको दिनमा खुशियाली साट्ने, आफन्तलाई बोलाएर भोजन गराउने, दान गर्ने प्रचलनका साथैं भाइचारा साट्ने दिन भएको बताए । मस्जिद वा इदगाह (इदको नमाज पढ्न बनाइएको खुला ठाउँ) मा भेला भएर इदको नमाज पढ्ने चलन छ । इदको नमाजपछि एकापसमा गला मिलाएर इद मुबारक भन्दै शुभकामना आदान प्रदान गरिएको छ । रमजान महिनामा महिनादिनभरिको भोक, तिर्खा बिर्सेर, रिस-राग र स्वार्थ त्यागेर सबै ज्ञानेन्द्रीयलाई कुकर्मबाट टाढा राखी कठोर अभ्यास पूरा गरी इदको खुशियाली साटासाट गर्दै मनाउने गरिन्छ । प्रत्येक वर्ष मुस्लिम समुदायले आफूले कमाएको सम्पत्तिको अढाई प्रतिशत गरिवलाइ दान गर्नुपर्ने धार्मिक प्रचलन रहदैं आएको छ ।

हेटौंडा-४ मा २०१६ सालमा जामे मस्जिद स्थापना भएको थियो । हेटौंडा-११ थानाभञ्याङमा अवुवकर मस्जिद र हेटौंडा-४ कमलडाँडामा विलाल मस्जिद रहेको छ । हेटौंडा-१ जरुवाटोलमा मदरासा दारुल कुरानमा हाल ४० जना गरिव तथा अनाथ बालकले शिक्षा लिइरहेका छन् । मकवानपुर, बारा, पर्सा, रौतहट लगायतका क्षेत्रका मुस्लिम समुदायले यहाँ शिक्षा लिइरहेका छन् ।

# उठिरहेको गौरीटार



हेटौंडा-६, स्थित गौरीटार रंगशाला (केन्द्रीय खेलकुद प्रतिष्ठान)मा निर्माणाधीन प्यारापिट । मैदानको पश्चिमतर्फ प्यारापिटको कंक्रिट भाग निर्माण भएर माथि छत हाल्ने क्रम जारी छ । संघीय सरकारले सुरु गरेको रंगशालामा हाल बागमती प्रदेश सरकारले लगानी गरिरहेको छ । यही रंगशालामा विगत १० वर्षपछि गत माघमा मात्रै अन्तराष्ट्रिय गोल्डकप भएको थियो । २८ जेठ २०६६ मा पूर्वप्रधानमन्त्री माधव नेपालले शिलान्यास गरेको गौरीटार रंगशालामा २०७० सालमा एनसेल महिला राष्ट्रिय फुटबल प्रतियोगिता भएको थियो । तत्कालीन राष्ट्रिय खेलकुद परिषद्ले पाँच वर्षभित्र निर्माण सक्ने गरी २ अर्ब ५० करोडको लागतमा काम सुरु गरेपनि गौरीटार रंगशाला लामो समयसम्म कम्पाउण्डभित्र खुलामैदानमा सीमित बनेको थियो । हाल प्रदेश सरकारले क्रमागत बजेटबाट फुटबल ग्राउन्ड, रनिङ ट्र्याक सिन्थेटिक, भीआईपी प्याराफिट र लाइटिङ गर्नेगरी ९० करोड रुपैयाँको लागत अनुमान तयार पारेको छ । १३ करोड ३८ लाख रुपैयाँमा ठेक्का सम्झौता भई केसी-सप्तकोशी-ओमसाई जेभीले फुटबल ग्राउन्ड, रिटेनिङ वाल, रनिङ ट्र्याक र भिआईपी प्यारापिट निर्माण गरिरहेकोले गौरीटार उठ्दैछ । तस्बिर: *लवराज ठकुरी*




# मकवानपुरका दुई नाबालिका बलात्कार आरोपमा दुईजना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २९ चैत/ मकवानपुरगढी गाउँपालिका-७ का दुई नाबालिकामाथि बलातकार गरेको आरोपमा दुईजना युवक पक्राउ परेका छन् ।

१४ र १६ वर्षका दुई नाबालिका छात्रामाथि शिवम् सिमेन्टमा चुनढुंगा ओसारपसार गर्ने टिपर चालक दुई जनामाथि बलात्कारको आरोप लागेको हो । मकवानपुर प्रहरीले उनीहरुलाई चैत २८ गते बुधवार पक्राउ गरेको छ । प्रहरीले पक्राउ परेकाहरुको नाम गोप्य राखेको छ ।

प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले आरोपितलाई हिरासतमा राखेर अनुसन्धान गरिरहेको बताए । परिचय खुल्ने प्रमाणित कागजात प्राप्त नभएकाले आरोपितको नाम खुलाउन नसिकएको डिएसपी भण्डारीको भनाई छ । दुईजना छात्राले बुधवार नै जिल्ला प्रहरी कार्यालयमा परिवारसहित पुगेर घटनाबारे जानकारी गराएका थिए ।

जाहेरीमा २५ चैतमा आफूमाथि बलात्कार भएको उल्लेख छ । २५ गते बलात्कार भएको भनिएको छ । हामीले घटनास्थल लगायतका विषयमा अनुसन्धान गरिरहेका छौं, डिएसपी भण्डारीले भने । पीडित नाबालिकाको आफन्तले जनप्रतिनिधिहरु नै घटना मिलाउन लागि परेको जानकारी दिएका छन् । आरोपित दुवैजना जनप्रतिनिधिको आफन्त रहेकाले उनीहरुबाट पैसामा घटना मिलाउन दबाब आएको पीडित परिवारले उल्लेख गरेको छ ।

# प्रदेशका ६ स्थानीय तहसँग चमेरो, चिउरी संरक्षणका लागि सम्झौता



साझाकुरा संवाददाता

हेटौंडा, २९ चैत/ बागमती प्रदेश सरकारले चमेरो चिउरी संरक्षण कार्यक्रम लागू गर्न ६ वटा स्थानीय तहसँग सम्झौता गरेर काम अगाडि बढाएको छ ।

सामाजिक विकास मन्त्रालयले बुधबार एक कार्यक्रमको आयोजना गरी तीन जिल्लाका ६ वटा स्थानीय तहसँग कार्यक्रम सञ्चालनका लागि सम्झौता गरेको हो । मकवानपुरको राक्सिराङ गाउँपालिका, चितवनको राप्ती नगरपालिका, कालिका नगरपालिका र इच्छाकामना गाउँपालिका तथा धादिङको गजुरी र बेनिघाटरोराङ गाउँपालिकामा यस कार्यक्रम लागू हुने सामाजिक विकास मन्त्रालयका सामाजिक विकास महाशाखा प्रमुख गोपालप्रसाद कँडेलले जानकारी दिए ।

प्रदेश सरकारले प्रतिपालिका ७ लाख ७५ हजार रुपैयाँ उपलब्ध गराउने गरी ५० लाख बजेट विनियोजन गरेको छ । सम्बन्धित पालिकाको २० प्रतिशत लागत साझेदारीमा कार्यक्रम सञ्चालन हुनेछ । मुख्यमन्त्री शालिकराम जम्कट्टेलको प्रमुख आतिथ्यतामा सम्झौता भएको हो । कार्यक्रममा बोल्दै मुख्यमन्त्री जम्कट्टेलले बागमती प्रदेश सरकारले सीमान्तकृत चेपाङ समुदायको उत्थानका लागि कार्यक्रम ल्याइएको बताए ।

प्रदेश सरकारको नमूना कार्यक्रम भएको बताउँदै यो कार्यक्रमले चेपाङ समुदायको वास्तविक अवस्था समेत बुझ्न मद्दत गर्ने मुख्यमन्त्री जम्कट्टेलको विश्वास थियो । त्यस्तै कार्यक्रममा बोल्दै सामाजिक विकास मन्त्री कुमारी मोक्तानले आर्थिक तथा सामाजिक रुपमा पिछडिएका चेपाङ समुदायको जीवनस्तर सुधारका साथै ऐतिहासिक दृष्टिकोणले पनि यो कार्यक्रम महत्वपूर्ण रहेको दाबा गरिन् ।

# युवा संघ १५ नम्बर वडाद्वारा शुभकामना आदनप्रदान

साझाकुरा संवाददाता

हेटौंडा, २९ चैत/राष्ट्रिय युवा संघ हेटौंडा-१५ ले नयाँवर्षको अवसरमा शुभकामना आदनप्रदान गरेको छ । युवा संघ १५ न. वडा कमिटीका अध्यक्ष बुद्ध मोक्तानको अध्यक्षता र बागमती प्रदेशका खानेपानी उर्जा तथा सिंचाइ मन्त्री एकालाल श्रेष्ठको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा मन्त्री श्रेष्ठले नयाँवर्षको शुभकामना दिंदै समृद्ध राष्ट्र निर्माणको अभिभारा बोक्न युवा तयार रहन आग्रह गरे । अबको एकदशकमा मुलुकलाई कस्तो बनाउने भन्ने जिम्मा युवाशक्तिको सोचमा भएकोले नेकपा एमालेले बोकेको सुखी नेपाली समृद्ध नेपाल निर्माणका लागि एकजुट भएर लाग्न आग्रह गरे ।

अहिलेको अस्थिर सरकारको कारण देशले विकासको गतिलिन नसकेको अवस्थालाई औंल्याउदै मन्त्री श्रेष्ठले नेकपा एमालेको नेतृत्वमा २०८४ मा बहुमत सहितको स्थिर सरकार निर्माणमा अहिलेदेखि नै लाग्न आग्रह गरे । कार्यक्रममा नेकपा एमाले बागमती प्रदेश कमिटी सदस्य इन्द्रमान स्याङ्तान, जिल्ला सचिवालय सदस्य, हेटौंडा नगरइन्चार्ज तथा १५ नम्बर वडाअध्यक्ष सुनिल मोक्तान, युवा संघ नगरकमिटी अध्यक्ष अनिल काफ्ले, उपाध्यक्ष गोबिन्द नेगी लगायतको उपस्थिति थियो ।

# समाजवादी प्रेस संगठनको शुभकामना आदानप्रदान

हेटौंडा, २९ चैत/ समाजवादी प्रेस संगठन नेपाल मकवानपुरले हेटौंडामा नयाँवर्ष २०८१ सालको उपलक्ष्यमा शुभकामना आदानप्रदान गरेको छ ।

हेटौंडामा विहीबार गरिएको कार्यक्रममा समाजवादी प्रेस संगठनका केन्द्रीय सदस्य राजन दाहालको सभाध्यक्षता तथा समाजवादी नेता, पूर्वस्वास्थ्य मन्त्री विरोध खतीवडाको प्रमुख आतिथ्यता रहेको थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

हेटौंडामै उत्पादित
सुदिन ड्राइमिट



Ready To Eat
हाम्रा विशेषताहरू:
☞ ग्याँस ओभनबाट उत्पादन गरिने ।
☞ हानिकारक धुवाँको असर नहुने ।
☞ १२ प्रकारका घरायसी मसलायुक्त ।
☞ तत्काल खान मिल्ने ।
☞ खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।
सुदिन प्याकेजिङ्ग उद्योग
हेटौडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३